**गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिका सदस्य तथा वडाअध्यक्षहरुसँगको छलफल सत्रको उपस्थिति :**

आज मिति २०८० फागुन २६ गते का दिन कमल गाउँपालिकाको सामाजिक परिक्षणको प्रारम्भिक छलफल गाउँपालिकाका अध्यक्ष श्री हर्कमानसिंह राईको अध्यक्षता तथा उपाध्यक्ष, कार्यपालिका सदस्य र शाखा प्रमुखको उपस्थितिमा सम्पन्न भयो ।

<u>उपस्थित</u>

१. हर्कमानसिंह राई - अध्यक्ष - कमल गाउँपालिका [illegible]
२. प्रमिला [illegible] उपाध्यक्ष - कमल ,, [illegible]
३. राज कुमार [illegible] - प्रमुख प्रशासकीय अधिकृत [illegible]
४. [illegible] [illegible] - १ नं. वडा अध्यक्ष - कमल गाउँपालिका [illegible]
५. [illegible] [illegible] - २ नं. ,, ,, [illegible]
६. [illegible] प्र. कोइराला कमल ३ वडा अध्यक्ष कमल गाउँपालिका [illegible]
७. [illegible] भट्टराई ,, ४ ,, ,, [illegible]
८. [illegible] बहादुर [illegible] - कमल-५ ,, ,, ,, ,, ,, [illegible]
९. नरेन्द्र भट्टराई ६ नं. वडा अध्यक्ष [illegible]
१०. चन्द्र [illegible] [illegible] - [illegible] का. पा. स. [illegible]
११. [illegible] [illegible], वडा नं. [illegible] का. पा. स. [illegible]
(१२) [illegible] राई ,, ४ का.पा. स. [illegible]
(१३) मनमाया [illegible] कमल-६ गाउँपालिका [illegible] [illegible]
१४) [illegible] [illegible], कमल गा.पा. कृषि [illegible] प्रमुख - [illegible]
१५ दिपेन्द्र [illegible] ... पशु सेवा शाखा प्रमुख [illegible]
१६ [illegible] [illegible] [illegible] [illegible]
१७, [illegible] नेपाली गाउँ कार्यपालिका सदस्य [illegible]
१८) [illegible] [illegible] [illegible] [illegible] [illegible]
१९ पशुराम तिरखीना [illegible]
२० देवी प्रसाद [illegible], कमल [illegible] [illegible] [illegible]

**प्रधानाध्यापकहरुसँगको बैठक तथा छलफल सत्रको उपस्थिति पुस्तिका :**

आज मिति २०८० साल फागुन २६ गते कमल गाउँपालिकाको सामाजिक परीक्षण छलफल तथा सामुदायिक विद्यालयका प्रधानाध्यापकहरु अन्तरक्रिया गाउँपालिकाको उपाध्यक्ष प्रमिला र्‍यौंपाने तिमल्सिनाको प्रमुख उपस्थितिमा निम्नानुसारको उपस्थितिमा सम्पन्न भयो।

उपस्थित

१. प्रमिला र्‍यौंपाने तिवारी . उपाध्यक्ष, कमल गाउँपालिका
२. मोहन बराल . - अध्यक्ष - नेपाल शिक्षक महासंघ, कमल
३. तेजनारायण भट्टराई - नि.प्र.अ. काली मा.वि, कमल-३
४. छत्र बहादुर कार्की - प्र.अ. कालिका प्रा.वि. कमल-१
५. हेम कुमार श्रेष्ठ - नि.प्र.अ. श्री म.रा.मा.वि. कमल-२
६. रवि गौतम - कमल गाउँपा शिक्षा शाखा
७ नरेन्द्र ..... - श्री ज्योति मा.वि प्र.अ.
८ केशर ब. श्रेष्ठ - श्री ..... प्रा.वि. प्र०अ.
९ सालिमा ..... - Purbanchal University, ......
१०. मधुसुदन अधिकारी - प्र.अ. श्री प्राविधिक ..... मा.वि.
११ खेमनाथ गौतम नि.प्र.अ. श्री कञ्चनजङ्घा आ.वि.
१२ लिला प्रसाद भट्टराई शिक्षक श्री ..... आ.वि.
१३. युवराज पाँडेल, पूर्व ..... प्रा.वि.
१४ ..... प्र० कोइराला प्र०अ० श्री नवदुर्गा आ.वि० कमल-१
१५. देवी माया अधिकारी प्र.अ. श्री पिपलडाँडा आ.वि. कमल-८
१६. ..... प्र०अ० श्री सरस्वती मा० वि० कमल-६,
१७. ..... देवी शर्मा शिक्षक श्री सरस्वती मा.वि.कमल-४
१८ हिमप्रसाद दहाल प्र०अ० श्री कमला मदन आश्रित स्मृति मा.वि. कमल-२ झापा
१९ दुर्गा प्रसाद नेपाल प्र.अ. श्री सरस्वती मा.वि. कमल-४

आजको कमल गाउँपालिकाको सामाजिक परीक्षणको तथ्याङ्क संकलनका लागि कमल गाउँपालिकाको वडा नं. ६ का कार्यवाहक वडा अध्यक्ष टेक बहादुर खड्काको अध्यक्षतामा बैठक बसी तथ्याङ्क संकलन गर्ने निर्णय गरियो। तपसिल बमोजिमको उपस्थितिमा बैठक सम्पन्न भयो।

तपसिल

| | | |
|---|---|---|
| १. | टेक बहादुर खड्का | कार्यवाहक वडा अध्यक्ष |
| २. | [illegible] ओली | वडा सचिव |
| ३. | सुमन दाहाल | [illegible] |
| ४. | उर्मिला देवी पौडेल | का.स. |
| ५. | कवि कोइराला | कृषि अधिकृत |
| ६. | सोम बहादुर बिष्ट | पशु सेवा शाखा, |
| ७. | गीता खड्का | ना.प्रा.स. |
| ८. | विसर्जन मोक्तान | अ.न.मी. |
| ९. | मिना राई | [illegible] |
| १०. | इन्दु क्षत्री | [illegible] |
| ११. | विसर्जन मोक्तान | ज.स्वा.नि. |
| १२. | राजु पोखरेल | लेखा सहायक |

निर्णयहरु

१. सामाजिक परीक्षणको सन्दर्भमा वडाको शिक्षा, स्वास्थ्य, पूर्वाधार लगायतको अवस्थाको अवलोकन गर्ने निर्णय गरियो। स्वास्थ्य चौकीमा खोप कार्यक्रमको अवलोकन गरियो।

अग्रजहरु, ४ जना महिला प्रहरु.अ., ९ जना महिला खेलाडीहरु सम्मानित गरेका छौ। त्यस्तै २४ जना अपाङ्गता भएका व्यक्तिहरुलाई सहायक सामाग्रीहरु वितरण गरिएको छ।

- ३७ जना अपाङ्गता भएका व्यक्तिहरुलाई परिचय पत्र वितरण गरिएको छ। ७० जना अति विपन्न, जेष्ठ तथा अपाङ्गता भएका नागरीकहरुलाई न्यानो कपडा वितरण गरिएको छ।
- अति विपन्न दलित समुदायका १४ जना व्यक्तिहरुलाई बंगुरका पाठाहरु वितरण गरिएको छ। त्यस्तै युवा लक्षित कार्यक्रमबाट ५० जना भाई वैनीहरुले लोक सेवा आयोगको निः शुल्क तयारी कक्षा लिएका छन्।
- गाउँपालिका क्षेत्रभित्रका ४५ जना किशोरीहरुलाई आत्मरक्षा तालिम प्रदान गरिएको छ।
- लघु उद्यमतर्फ ढाका बुनाई तर्फ २० जना, सिलाई कटाईमा ६५ जना गरि जम्मा ८५ जना व्यक्तिहरुले तालिमप्राप्त भै नयाँ लघु उद्यमी श्रृजना भएका छन्।
- गाउँपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त स्थानीय तह घोषणा गर्न पालिकाभित्र ५६ वटा वालक्लव र ८ वटा बालसंजाल गठन गरी सूचिकृत गर्ने कार्य सम्पन्न भएको छ।
- बालबालिकाको वस्तुगत विवरण तयार गर्ने कार्य सम्पन्न भएको छ। ३ वटा वडाहरु बालमैत्री वडा घोषणा भइसकेका छन् भने ४ वटा वडाहरु घोषणा हुने तयारी अवस्थामा रहेका छन्।
- कृषितर्फ गाउँपालिकाको कृषि गुरुयोजना तयार भएको छ। यसबाट आगामी दिनमा कृषि रणनीति र कार्यक्रमहरु तय गर्न सहज भएको छ।
- माटो परिक्षण गर्न डिजिटल मिनि ल्याव स्थापना गरिएको छ। कृषकहरुलाई जैविक खेती प्रणाली अपनाउन विभिन्न किसिमका अर्गानिक मलहरु निशुल्क वितरणको व्यवस्था गरिएको छ।
- कृषितर्फ करिव जैविक मल १५०० बोरा, कमल यूरीया १००० केकमल वानस्पतिक .कमल झोल मल १३४०० ली .जी. उत्पादन गरि कृषकलाई वितरण गरिएको छ। अध्यक्ष पकेट विक .विषादी २००० ली ास कार्यक्रमबाट ५०० भन्दा बढी कृषक लाभान्वित भएका छन। १५० जना कृषकले माटो परीक्षणबाट लाभ लिएका छन्।
- व्यवसायिक रुपमा च्याउ खेती गर्ने ८ जना कृषकलाई सहयोग पुगेको छ। ५ जना मसाला खेती गर्ने कृषकलाई सहयोग गरिएको छ ६३ मेकृषि चुन वितरण गरिएको छ। १७० जना कृष .ट.कहरु प्रधानमन्त्री आधुनिकिरण परियोजनामार्फत् लाभन्वित भएका छन। २०० जना कृषकलाई धानको बीउ वितरण गरिएको छ। २५ जनाकिसानलाई कृषि बीमामा सहयोग पुगेको छ।
- कृषि विकास कार्यक्रममार्फत् ८५०० जना किसानहरु प्रत्यक्ष रुपमा लाभान्वित भएका छन्पशु सेवातर्फ ७०० जना पशुहरुको बीमा पशुपालक गरिएको छ । ५६०० वटा पशुहरमा प्राथमिक उपचार, माइनर सर्जिकल, प्रयोगशाला सेवा गाइनोकोलोजिकल सेवा प्रदान गरिएको छ।
- बंगुर पकेट क्षेत्रमा ५० वटा बंगुर पाठा, वितरण भएका छन। ३ लाख माछाका भुरा माछा पालन गर्नेकिसानहरुलाई वितरण गरिएको छ। खोप सेवाअन्तरगत रेविज ७६३, पंक्षि खोप ४७६००, स्वाइन फिवर १९०००, HSBQ २२५० खोरेत १७०००, पिपिआर ९००० वितरण भएको छ।
- कृत्रिम गर्भाधनतर्फ ३८७० पशुहरुमा सम्पन्न भएको छ। ७ जना पशुपालक किसान पुरस्कृत गरिएको छ। चिलिङ्ग भ्याट २ वटा वितरण गरिएको छ। ११३ जना व्यवसायीहरुलाई व्यवसाय प्रवर्दन कोषमा आवद्द गरिएको छ।

## गाउँसभा बैठकले पारित गरेको  नीति तथा कार्यक्रम :

**जनस्वास्थ्यतर्फ**

१. हालसम्म कोभिड १९ नियन्त्रण भइ नसकेको हुँदा नेपाल सरकारबाट उपलब्ध गराइएको खोपहरुलाई प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि आवश्यक व्यवस्थापन गर्दै लगिने छ । सङ्घीय सरकार, प्रदेश सरकारसँग निरन्तर समन्वय गरी कोभिड नियन्त्रमा उच्च प्राथमिकता राखी कार्य गरिने छ।

२. १५ बेडको तोपगाछी आधारभूत अस्पतालको ठेक्का व्यवस्थापन भै सकेको हुँदा तोकिएको समयभित्र नै उक्त भवन निर्माण कार्य सम्पन्न गर्नका लागि पहल गरिने छ । त्यसका लागि सरोकारवाला सबैको साथ र सहयोगको अपेक्षा लिएको छु ।

३. नेपालको संविधानले प्रत्याभूत गरेको मौलिक हकअन्तरगत नागरिकले प्राप्त गर्ने निशुल्क बाधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले सबै वडाहरूमा आधारभूत स्वास्थ्य केन्द्र स्थापना भै सकेको हुँदा सबै वडा स्वास्थ्य केन्द्रबाट नै नेपाल सरकारबाट प्राप्त हुने निशुल्क औषधीहरू वितरणको कार्यलाई निरन्तरता दिने व्यवस्था मिलाएको छु । ४ नंस्वस् वडाको आधारभूत .थ्य केन्द्रको भवन निर्माणको कार्यलाई सम्पन्न गर्नका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

४. २ वर्षभित्रमा क्षयरोग मुक्त गाउँपालिका बनाउने अभियान सन्चालन गर्न र कुष्ठ रोग हटाउ अभियान अन्तरगत समुदायमा सचेतना र आम स्कूलिङ गर्ने कार्यका लागि बजेट व्यवस्था गरेको छु।

५. समुदायमा मुटु, मृगौला, चिनी रोग सम्बन्धी स्वास्थ्य जाँच तथा नसने रोगहरू सम्बन्धिी **स्वास्थ्य शिविर** सन्चालन सन्चालन गरिने व्यवस्थाको लागि आवश्यक बजेट व्यवस्था गरेको छु । क्यान्सर,मुटु, मृगौलाको शल्यक्रिया जस्ता कडा रोग लागि उपचार गर्न नसक्ने अवस्था भएका अति विपन्न परिवारलाई यकिन गरि **औषधी उपचारमा आवश्यक सहयोग**को व्यवस्था मिलाईने छ ।

६. विपन्न नागरिकहरूलाई गरिने निशुल्क सामुदायिक स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दिएकोछ । आ०८० /२०७९ .व. .५१५ परिवारको स्वस्थ्य विमा कार्यक्रम सञ्चालन गर्नकालागि रु मा१७७१,००० वजेट विनियोजन गरेको छु तोपगाछी र लखनपुर स्वास्य चौकिमा निशुल्क ल्याव परीक्षण लाई निरन्तरता दिएको छु ।

७. गर्भवती जाँच तथा प्रसुती सेवा प्रवर्द्धन कार्यक्रम अन्तगर्तत हरेका गर्भवती महिलाहरूलाईक्याल्सियमम ट्याब्लेट र आइरन चक्की खरिद गरी वितरण गर्नका लागि आवश्यक बजेटविनियोजन गरेको छ यसबाट आमा र बच्चाहरूको स्वास्थ्य मजबुत गर्न सहयोग पुगी दीगो विकासको सूचमा सहयोग पुग्ने विश्वास लिएको छु ।

८. सुरक्षित रूपमा प्रसुती गराउनका लागि सूचीकृत स्वस्थ्य संस्थामा प्रसुती सेवा लिएमा प्रतिमहिला रुदर १००० का .ले प्रोत्साहन रकम उपलब्ध गराउनका लागि आवश्क बजेट विनियोजन गरेको छु ।

९. जेष्ठ नागरिकहरूको स्वास्थ्य अवस्थामा सहयोग पुर्याउनका लागि लखनपुर र तोपगाछी क्षेत्रमाजेष्ठ नागरिक स्वास्थ्य शिविर सन्चालन गर्ने व्यवस्था मिलाएको छु । साथै महिलाहरूमा हुने आङखस्ने, पाठेघरको मुखको क्यान्सर पत्ता लगाउन स्वास्थ्य शिविर सन्चालन गर्ने व्यवस्था मिलाएकोछु ।

१०. विद्यार्थीहरू भोलिका भविष्य हुन त्यसैले उनीहरूको समेत स्वास्थ्य परिक्षण गर्ने व्यवस्था मिलाएको छु । विद्यार्थीहरूको आँखा र दाँतको परीक्षण गर्नका लागि विद्यार्थी स्वस्थ्य परीक्षण कार्यक्रम सन्चालन गर्ने व्यवस्था मिलाएको छु।

११.महिला स्वास्थ्य स्वयमसेवीकाहरूको वृत्ती विकासको लागि स्वयमसेवीका कोषमा केही बजेटकोव्यवस्था मिलाएको छु। उनीहरूलाई काम प्रति जिम्मेवार बनाउन एवं उत्प्रेरेति गर्न पुरस्कृत गर्ने व्यवस्था मिलाएको छ। खोप कार्यक्रम सन्चालन भएको दिन खाजाको व्यवस्था मिलाएको छु।

१२.तोपगाछी स्वस्थ्य चौकी प्रस्तावित कमल नगर स्पतालमा स्वस्थ्य बीमा कार्यक्रम तथा अस्पतालसञ्चालनका लागि ( आवश्यक बजेट विनियोजन गरेको छु। यस कार्यक्रमबाट गाउँपालिकाकानागरिकले सहज रूपमा सेवा पाउने कुरामा विश्वास लिइएको छ।

१३.सुत्केरी प्रोत्साहन कार्यक्रमअन्तरगत सरकारी अस्पतालमा प्रसुती गराउने महिलालाई रु१००० पोषण खरिदमा र . स्वास्थ्य प्रोटोकल अनुसार स्वास्थ्य केन्द्रमा ४ पटक चेक जाँच गर्न आउनेगर्भवती महिलाहरूलाई प्रदान गर्दै आएको रु १००० भत्तालाई निरन्तरता दिएको छु।

१४.आयुर्वेद उपचार विधिवारे सचेतना गर्ने र आयुर्वेद शिविर सन्चालन गर्ने कार्यक्रमलाई निरन्तरतादिदै आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

१५.महिला स्वस्थ्य स्वयम्सेविकाहरूको क्षमता अभिवृद्धि गर्नका लागि वर्षमा एक पटक अध्ययन अवलोकन भ्रमण गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१६.**विद्यार्थी स्वास्थ्य परीक्षण कार्यक्रम** अन्तरगत सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमा **आँखा, दाँत स्वास्थ्य परीक्षण** कार्यक्रम सन्चालनको लागि बजेटको व्यवस्था गरेको छु।

१७. गाउँपालिकामा कार्यरत २४ जना महिला स्वस्थ्य स्वयम्सेविकाहरूलाई ५० प्रतिशतका दरले हुन आउने रकम रु १७५० का दरले स्वस्थ्य विमा कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक वजेट विनियोजन गरेको छ। गाउपालिकामार्फत स्वास्थ्य तर्फ रु१३० .,००,००० बजेट विनियोजित गरेको छु। सशर्तमा प्राप्त बजेट रु १ (एक करोड तीस लाख),८०,००,००० एक करोड) असी लाखगरि जम्मा ३ (,१०,००,००० बजेट विनियोजित गरिएको छ। (तीन करोड दश लाख)

**शिक्षा युवा तथा खेलकुद तर्फ**

१८. सामुदायिक विद्यालयको गुणस्तर सुधार गर्नका लागि शिक्षक अभाव भएका सामुदायिक विद्यालय र मदन आश्रित बहुमखी क्याम्पसलाई शिक्षक व्यवस्थाका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु। शिक्षक अभाव भएका सामुदायिक विद्यालयको पठनपाठनमा सहज हुने विश्वास लिएको छु। यस संगै सामुदाकि विद्यालयले शैक्षिक गुणस्तर र नतिजा समेत सुधार गर्नेछन भन्ने विश्वास लिएको छु शिक्षा दिवसको दिन उत्कृष्ट शिक्षक २ लाई जनही १० हजार, उत्कृष्ट छात्रछात्रा जनही १० हजार र १ उत्कृष्ट विद्यालयलाई ५०,००० पुरकृत गर्ने व्यवस्था मिलाएको छु।

१९. गाउपालिकामा रहेका सबै सामुदायिक विद्यालयमा अंग्रेजी माध्यमबाट पठनपाठनमा एकरूपता कामय गर्नका निम्ति एउटै पाठ्यपुस्तकको व्यवस्थासहित विद्यालय तहमा अंग्रेजी माध्यमका पुस्तकहरूको वितरण गर्ने कार्यलाई निरन्तरता दिएको छु

२०. प्रारम्भिक बाल विकास केन्द्र र विद्यालयका कर्मचारीहरूलाई संघीय सरकारले उपलब्ध गराउनेपारिश्रमिक रकममा रु१५ . हजारमा नपुग हुन आउने रकम गाउँपालिकाबाटनै निरन्तरता दिने कार्यक्रमलाई निरन्तरता दिएको छु।

२१. सामुदायिक विद्यालयमा अङ्ग्रेजी विषयको पठनपाठालाई थप प्रभावकारी र व्यवस्थित बनाउनका लागि सम्बन्धित विषयका शिक्षकहरूको क्षमता अभिवृद्धि गर्नका लागि आवश्यक बजेट विनियोजनगरेको छ। प्राविधिक धारको अध्ययन अध्यापनलाई प्रोत्साहन गर्नका लागि कमल गाउँपालिका क्षेत्रभित्र

२२. प्राविधिक धार अध्ययन गर्ने विद्यार्थीहरूका छात्रवृत्तिको लागि बजेट विनियोजन गरेको छ।

२३. आधारभूत तहमा अध्ययनरत विद्यार्थीहरूमा बक्तृत्वकला विकास गर्नका लागि उनीहरूमाप्रतियोगिताको भावना जागृत गराउनका लागि आवश्यक बजेट विनियोजन गरेको छ।

२४. गाउपालिका क्षेत्रभित्रका मुसहर, सतार, सन्थाल र मिस्त्रीलगायतका पिछडीएका वर्ग र समुदायका छोरा छोरीलाई यस गाउँपालिकाभित्र प्राविधिक धार सन्चालनमा रहेका सामुदायिक विद्यालयमा असिस्टेन्ट सब इन्जिनियर, पशु प्राविधिक र कृषि प्राविधिक १८ महिने। निःशुल्क रूपमा प)ठनपाठन गर्नका लागि शावश्यक बजेट विनियोजन गरेको छु।

२५. शैक्षिक सुधारअन्तर्गत पालिकाभित्रका सबै विद्यालयमा स्थानीय पाठ्यक्रम बनाई पढाईमा एकरूपता ल्याउनका लागि एक कार्यदल गठन गरि स्थानीय पाठ्यक्रम निर्माणको कार्यलाई अगाडि बढाइने छ। यसको लागि आवश्यक व्यवस्था मिलाएको छु।

२६. राष्ट्रपती रनिङ शील्ड प्रतियोगितालाई उत्सवको रूपमा सन्चालन गर्नका लागि आवश्यक बजेटकोव्यवस्था मिलाएको छु। यसबाट विद्यालय तहबाट नै विभिन्न विधामा प्रतिभा पहिचान गर्न सहयोगपुग्ने विश्वास लिएको छु।

२७. युवाहरूलाई खेलकुदमा आकर्षित गरि सर्वाङ्गीण विकासको लागि अध्यक्ष कप फूटबल प्रतियोगिता सन्चालनको लागि आवश्यक व्यवस्था मिलाएको छु। यसवाट स्थानीय स्तरमा खेलाडी उत्पादनको लागि आवश्यक सहयोग पुग्ने विश्वास लिएको छु।

२८. कार्यविधिको तयारी गरी खेलकूद विकास समिति गठन गरेर गाउँपालिकाभित्र हुने सम्पूर्ण गतिविधिलाई व्यवस्थित, पारदर्शी र सहभागितात्मक रूपमा सञ्चालन गरिने छ। सो क्रममा यस गाउँपालिकाभित्र खेलिदै आएको सबै खेलहरूलाई प्रतियोगितात्मक रूपमा सन्चालन गरिनेछ।

२९. चालू आदेखि सञ्चालनमा आएको उपाध्यक्ष कप अन्तर वडा भलिवल रनिङ प्रतियोगिता सन्चालनको व्यवस्था .व. मिलाईने छ। यसको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

३०. युवा क्लवहरूको क्षमता विकास र सामाजिक रूपान्तरणका लागि विभिन्न कार्यक्रमहरू सन्चालनका लागि आवश्यक कार्यक्रम राखेको छु। युवाहरूलाई सामाजिक, राजनैतिक र आर्थिक क्षेत्रमा रूपान्तरणर उद्यम विकासमा प्रेररित गर्न देशमा उत्कृष्ट कहलिएका व्यक्तित्वहरूसँग यस क्षेत्रका युवाहरूमाझ अनुभव आदान प्रदानका लागि युवा सम्मेलन गर्ने व्यवस्था मिलाईने छ। यसको लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

३१. युवाहरूलाई कुलतबाट हटाउन युवा क्लवहरूको परिचालन गरि लागू पदार्थ तथा दुर्व्यसनी न्यूनीकरणजस्ता चेतनामूलक कार्यक्रम सन्चालन गर्ने व्यवस्था मिलाएको छ।

३२. गाउँपालिका क्षेत्रभित्रका युवाहरूलाई सामाजिक कार्यमा जागरुक गराउनका लागि, विद्यमान संसदीय व्यवस्थाको जानकारी गराउनका लागि बाल क्लव गठन तथा नमूना संस्द अभ्यासकोकार्यक्रम सञ्चालनमा ल्याउनका लागि आवश्यक बजेट विनियोजन गरेको छ। गाउँपालिकाबाट शिक्षा तर्फ रु१६० .,००,००० एक करोड साठी लाख बजेट विनियोजन गरेको छु ) १९ .। सशतको बजेट रु,७५,००,००० २१ .गरि जम्मा रु (उन्नाइस करोड पचहत्तर लाख),३५,००,००० एक्काइस करोड ) ३८.बजेट हुन आउने छयुवा तथा खेलकुदमा रु (पैंतीस लाख,५०,००० बजेट विनियोजन (अड़तीस लाख पचास हजार) ३९ .जम्मा रु (एक लाख) १०००००.गरेको छ सशर्तमा रु,५०,००० उनन्चालिस लाख पचास हजाराहून जाने छ)।

**खानेपानी तथा सरसफाइतर्फ**

३३. वडा नं१ र २ का सबै टोलमा शुद्ध खानेपानी वितरण गर्ने उद्देश्यले निर्माणाधीन ४ लाख ५० हजार लिटर क्षमताको . .तोपगाछी खानेपानी आयोजनाको पहिलो चरणको कार्य सम्पन्न भइसकेको र यसै आवदेखि सञ्चालनमा आएको हुँदा . आगामी आवका लागि थप पाइपलाइन विस्तार गर्नका लागि राष्ट्रिय योजना आयोग मार्फत प्रप्त रकम रु१५० .,००,००० बाट पाइपलाइन विस्तारको कार्यलाई तुरुन्त सुरु गरिने छ।

३४. शुद्ध खानेपानीको धाराबाट बन्चित भएका अति विपन्न परिवारहरूलाई यकिन गरि विपन्न नागरिकलाई खानेपानी धारा कार्यक्रम अन्तरगत धारा जडानमा अनुदान दिने व्यवस्था मिलाएको छ। यसको लागि आवश्यक बजेटको व्यवस्था गरेको छ। विशेष अनुदानमा सन्चालित खानेपानी आयोजना बाहेक गाउँपालिकाबाट रु८००.,०००बजेट व्यवस्था गरेको (आठलाख ( छ।

**लैंगिक समानता तथा सामाजिक समावेशीकरण**

(महिला, बालबालिका, जेष्ठ नागरिक, आदिवासी जनजाती, अपाङ्ग, दलित लगायत एवं समावेशीकरण)

३५. युवाहरूलाई सपमुलक व्यवसायमा आवद्ध गर्नका लागि कफि बनाउने, एसी फ्रिज बनाउने, मोबाइल मर्मत गर्ने, वाइरिङलगायतका तालिम सञ्चालन गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छ। यस बाट जिविकोपार्जन गर्नका लागि विदेश गइरहनु पर्ने अवस्थामा कमी आउने विश्वास लिएको।

३६. महिलाहरूलाई ढाका बुनाई तालिम, दलित महिलाहरूलाई नेतृत्व विकास तालिम सावगतका लागि आवश्यक बजेट विनियोजन गरेको छ।

३७. महिलाहरूलाई सम्मान गर्ने उद्देश्यले विभिन्न क्षेत्रमा विगतदेखि महत्वपूर्ण योगदान पुयाएका महिलाहरूलाई सम्मान कार्यक्रम सञ्चालन गरिने छ। यसका लागि आवश्यक बजेट विनियोजन गरेको छ।

३८. समाजमा छिटफुट रूपमा रहेको बालश्रम, बालविवाह, बहुविवाह, दाइजो प्रथा लगायत समाजमाहुने यस्तै अन्य विभिन्न कुप्रथा न्यूनीकरणगर्न विद्यालय तहमा आवश्यक कार्यक्रमहरू सन्चालनकालागि बजेटको व्यवस्था मिलाएको छु।

३९. दिनानुदिन महिला हिंसा, किशोरी हिंसा लगायतका घटनाहरू घटिरहेको अवस्थामा त्यसको रोकथाम र किशोरी संरक्षणका लागि किशोरी आत्मरक्षा तालिम सञ्चालन गरिने छ। यसको लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

४०. सेनिटरी प्याड भेन्डिङ मेसिनको व्यवस्थासामुदायिक विद्यालयहरूमा अध्ययनरत छात्राहरूलाई सहजहोस भन्ने उद्देश्यले बाँकी रहेको २ वटा सामुदायिक विद्यालयहरूलाई सेनिटरी प्याड मेन्डिङमेसिनको खरिद गरि वितरण गर्ने व्यवस्था मिलाएको छु।

४१. लैंगिक हिंसा विरुद्ध हुने १६ दिने अभियान अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस जस्ता दिवसिय कार्यक्रम सन्चालनको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छ।

४२. महिला हिंसामा परेका महिलाहरुलाई छिटो छरितो न्याय प्रदान गर्ने हेतुले न्यायीक समितिले अपनत्व लिदै लैंगिक हिंसा निवारण कोष मार्फत आर्थिक सहायता गरिनेछ।

४३. गरीब एकल र सम्बन्धविच्छेद भएका महिलाहरुको ,विवरण संकलन गरी आयस्तर वृद्धि गर्ने किसिमका स्वीकृत सीपमुलक तालिम कार्यक्रम संचालन गरी प्राथमिकताका साथ समावेस गरिनेछ।

४४. सबै वडा कार्यालयहरूमा क्रमशः बाल उद्यान निर्माण गर्ने अभियानअनुसासर वडा नं६ मा स्थापना भएको बाल उद्यानलाई . थप व्यवस्थित गर्नका लागि आवश्यक बजेट विनियोजन गरेकोछ।

४५. २०७५ फागुन मसान्तभित्रमा गाउपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणा गर्ने भनिएकोमा केही समय ढिलाइपश्चात बालमैत्री गाउपालिका घोषणा हुने भएकाले उक्त कार्यक्रमकोनिरन्तरताको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

४६. सबै सामुदायिक विद्यालयहरूमा बालमैत्री शिक्षण सिकाइ गरेर पठनपाठनमा सहजना ल्याउन तथाबालमैत्री शिक्षण सिकाइलाई कार्यान्वयनमा ल्याउनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

४७. बाल सन्जालको व्यवस्था, बाल क्लवहरूमा आवद्ध भाईबैनीहरूलाई नेतृत्व विकास गराउनका लागि नेतृत्व विकास कार्यक्रम सन्चालनको व्यवस्था मिलाएको छु।

४८. बालबालिकाको क्षमता अभिवृद्धि गर्नका लागि उद्घोषण तालिम साथै बालक्लवमा आवद्ध सबै बालबालिकाहरूलाई एक दिनको अध्ययन अवलोकन भ्रमणको व्यवस्था मिलाएको छु।

४९. बाल विवाह, श्रम शोषण, लागू पदार्थ, दुर्व्यसनी विरुद्ध सचेतना तथा लैगिक हिंसा बिरुद्धको सचेतना कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक बजट व्यवस्था गरेको छ।

५०. बाल विकास केन्द्र व्यवस्थापन तथा स्तरोन्नती सिकाइ कुना), टेलिभिजन आदि। गरी उनीहरूको पठनपाठनमा सहजता ल्याउनका लागि आवश्यक व्यवस्थापन गरिने छ। बाल मनोविज्ञानलाई प्राथमिकतामा राखी अध्ययन अध्यापन गराउन प्राथमिकता दिइने छ।

५१. गाउँपालिकाले निरन्तर रूपमा बालमैत्री स्थानीय शासन कार्यक्रमका लागि विभिन्न कार्यक्रमहरूसञ्चालनमा ल्याएको हुँदा त्यसको प्रभावकारीतका बारेमा छलफल तथा अन्तक्रिया गर्नका लागि बालमैत्री कार्यक्रमको समिक्षा कार्यक्रम आयोजना गर्नका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

५२.चालू अब देखि निरन्तर रूपमा सञ्चालन हुँदै आएको प्रदेश सरकारको ५० प्रतिशत लागतसाझेदारीमा समावेशी कार्यक्रमलाई सञ्चालनमा ल्याइने छ।

५३. गाउपालिकाभित्र रहेको वर्गका अपाङ्गता भएका व्यक्तिहर "ख"ू का लागि निःशुल्क स्वस्थ्य विमाकार्यक्रम सञ्चालन ल्याउनका लागि रु७८४.,००० बजेट विनियोजन गरेको छु।

५४. अपाङ्गता भएका तथा व्यवसाय गर्न चाहने विपन्न अपाङ्ग व्यक्तिहरूलाई उद्यमशीलता तालिम आयोजना गर्नका लागि आवश्यक बजेट व्यवस्था गरेको छुमहिला तथा बालबालिका र लक्षित वर्गतर्फ रु१.,००,००,००० विनियोजन (एक करोड) गरेको छु।

## कृषि विकास तर्फ

५५. स्वस्थ्य जीवनको लागि कमलको अर्गानिक तरकारी नारालाई साकार पार्न अर्गानिक तरकारी खेती प्रणालीलाई जोड दिएको छु। यसको लागि कृषि शाखाबाट बैकल्पिक मल खादका श्रोतहरू वेष्ट डि कम्पोजर, जैविक झोल विषादी, कंचन मल, जैविक यूरिया आदि किसानहरूलाई निशुल्क वितरण गर्ने कार्यलाइ निरन्तरता दिएको छु।

५६. कृषीबजार उपकरण बितरण कार्यक्रम अन्तगृत साना मेसिनरी मकै रोप्ने, मकै छोडाउने, पावर स्पे टकी, पावर विडर वितरण कार्यका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

५७. बालि संरक्षण कार्यक्रमअन्तर्गत विषदी प्रयोग मुक्त सप्ताह र फेरोमेन ट्र्याप वितरण कार्यका लागि आवश्यक वजेट विनियोजन गरेको छु।

५८. कृषकहरूलाई प्रोत्साहन सिंचाइको विद्युत मिटरमा अनुदानभन्ने उद्देश्यले सुख्खा याम फागुण), चैत्र, वैशाख र जेष्ठका ४ ( महिनाको अवधिमा कृषकहरूले प्रयोग गरिहेको सिचाई मोटरको विद्युत शुल्कमा ५० प्रतिशत शुल्क गाउँपालिका वा वडाले भूक्तानीगर्ने व्यवस्थालाई निरन्तरता दिएको छ। यसवाट किसानहरू कृषि पेशामा थप उत्प्रेरित हुने मे प्रत्यक्ष किसान लाभान्वित हुने अपेक्षा लिएको छ।

५९. सिंचाइ मोटरमा सहयोग कार्यक्रमअन्तरगत हालसम्म सिंचाईको पहुँच नभएका, व्यवसायिक रूपमा खेती गर्न चाहने वा गरिरहेका गरिव किसानलाई सिंचाई मोटर सेटमा अनुदान उपलब्ध गराउने व्यवस्थाको लागि रु१५ .,००,००० बजेट विनियोजन गरेको छ। यसबाट सामूहिक खेती गर्ने र सिंचाइको सुविधा नपुगेका क्षेत्रमा सिंचाई उपलब्ध हुने विश्वास लिएको छु।

६०. सबै कृषकहरूलाई **किसान कार्ड** वितरण गरिनेछ। यसबाट सबै किसानहरू पालिकामा सूचिकरण हुने विश्वास लिएको छु पलिकाबाट वितरण हुने कृषि अनुदान वास्तविक कृषकले प्राप्त गर्न यो कार्ड उपयोगी हुने छ। यसबाट किसानका सबै प्रकारका सूचना, तथ्यांक संकलन र वर्गीकरण गर्न सहजता हुने विश्वास लिएको छु। यसको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

६१.किसानहरूको समस्या समाधान गर्नका लागि कृषी विज्ञबाट किसान कल सेन्टर सञ्चालनमा ल्याइने छ त्यसका लागि आवश्यक बजेट विनियोजन गरिएको छु।

६२. कृषकहरूले उत्पादन गरेको फसललाई लाई व्यवस्थित भण्डारण गर्न सहयोग पुर्याउने उद्देश्यले उपयुक्त स्थानमा कोल्ड स्टोर स्थापना गर्ने व्यवस्था मिलाएको छु।

६३. स्थलगत रूपमा बालीको संरक्षण, अवलोकन, र कृषि सम्बन्धी नयाँ ज्ञान प्रविधि हस्तान्तरण साथै बालीमा आउने विविध समस्याको निराकरण र उत्पादन वृद्धिमा आउने समस्यहरूलाई स्थलगत रूपमा निराकरण गर्न विज्ञको उपस्थितिमा कृषक पाठशाला सन्चालन लाई निरन्तरता दिएको छु।

६४. गाउपालिका क्षेत्रभिका व्यवसायिक कृषकहरूलाई नवीनतम ज्ञान आदान प्रदान गर्ने उद्देश्यले कृषकहरूको अध्ययन अवलोकन भ्रमण गर्नका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

६५. पकेट विकास कार्यक्रम अन्तरगत चालु आको धान बाली पकेट कार्यक .व.्रमलाई निरन्तरता दिएको छु त्यसैगरी नया धानवाली पकेट विकास कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

६६. कृषकहरूले उत्पादनका गरेको कृषि उपज प्रदर्शन गरि उत्पादनको प्रोत्साहन र प्रवर्द्धन गर्न प्रत्येक वर्ष हुने कृषि मेला प्रदर्शनीसम्बन्धी कार्यक्रमलाई निरन्तरता दिएको छ।

६७. सङ्घीय सरकारको सहयोगमा धानवाली प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्नका लागि रु२५ .,२०,००० बजेट विनियोजन गरेको छु।

६८. सङ्घीय सरकारको सहयोगमा बीउ आलु उत्पादन कार्यक्रमअन्तर्गत रु१५ .,००,०००बजेट विनियोजन गरेको छु। /

६९. अर्थतन्त्रको एक खम्बाको रूपमा रहेको सहकारी सन्चालनमा पारदर्शीता र सहकारीको मर्म अनुसार सन्चालन र सहकारी सुशासनमा जोड दिनका लागि सहकारीहरूको सहभागीतामा अन्तरक्रियात्मक अभिमुखिकरण कार्यक्रम सन्चालनको

व्यवस्था मिलाएको छ । सहकारी हरूको नियमित अनुगमन र साझेदारीका कार्यक्रमहरू सन्चालनको लागि आवश्यक व्यवस्था मिलाएको छु ।

**कृषि तर्फ जम्मा ९०,००,०००। १.नब्बे लाख बजेट बिनियोजन गरेको छु । सशर्ततर्फ प्राप्त रु),२८,०००००। एक ) गरि जम्मा २ (करोड उअठ्ठाइस लाख,१८,००,०००। बजेट कायम भएको छ ।(दुई करोड अठार लाख)**

**<u>पशु सेवा तर्फ</u>**

७०. पशु धनको संरक्षण गर्न र किसानले ढुक्कसँग पशु व्यवसाय सन्चालन गर्न सकुन भन्ने उद्देश्यले १ घर १ पुश सुत्केरी कार्यक्रम सन्चालनको व्यवस्था मिलाएको छु । यसबाट पशुपालक किसानहरू आकर्षित मैं जागरुक भई पशुपालन व्यवसाय सन्चालन गर्न सहजता मिल्ने विश्वास लिएको छु ।

७१.पशु सेवा प्रसार कार्यक्रमअन्तर्गत ३३ दिका दरले गाइपालन/, बाख्रापालन, बंगुरपालन, कुखुरा पालन र माछा पालनका लागि तालिमको आयोजना गर्नका लागि आवश्यक बजेट विनियोजन गरिएको छ । यसवाट कृषकहरूमा व्यवसायिकता बढेर जाने विश्वास लिइएको छ ।

७२.५० प्रतिशत अनुदानमा ४५०० कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन गर्नका लागि ११,२५,००० बजेट विनियोजन गरिएको छ । यस कार्यक्रमबाट उन्नत जातको पशुहरूको उत्पादन हुनेमा विश्वास लिइएको छ।

७३. सडकमा रहेका सामुदायिक कुकरहरूलाई नियन्त्रण गर्नका लागि कुकुरहरूको सामूहिक बख्याकरण शिविर र रेविज खोप लगाउने कार्यक्रम सन्चालन कार्यलाई निरन्तरता दिइएको छ । यसबाट छाडा कुकुरहरू र संख्या नियन्त्रणमा समेत सहयोग पुग्ने विश्वास लिएको छु

७४. कृत्रिम गर्भाधान सेवा सन्चालनको लागि आवश्यक पर्ने माइनर उपकरण तथा तरल नाइट्रोजन खरिदको लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

७५.पशुपालन व्यवसायमा जागरुक गर्नका लागि गाउँपालिका क्षेत्रभित्रका उत्कृष्ट पशुपालक कृषकलाई पुरस्कार दिनका लागि आवश्यक व्यवस्था मिलाएको छु।

७६.सङ्घीय सरकारको सहयोगमा नयाँ वाखा पकेट विकास कार्यक्रमका लागि रु १५,००,०००बजेटविनियोजन गरेको छ । ( यस कार्यक्रमबाट उन्नत जातकोबाखा उत्पादन हुने विश्वास लिएको छु ।

७७.गाउपालिका क्षेत्रभित्र व्यवसायिक बंगुरपालक कृषकहरू रहेको हुँदा संघीय सरकारको सहयोगमा बङ्गुरको मासु ढुवानीको लागि फोजन भ्यान सपोर्ट कार्यक्रमअन्तर्गत २४,५०,०००० वजेट विनियोजन गरिएको छ ।पशु सेवातर्फ जम्मा ८०,00,000) (असी लाख बजेट विनियोजन गरेको छ सशर्ततर्फ प्राप्त रु३१ .,००,००० गरि जम्मा (एकतीस लाख) १,११,००,००० बजेट कायम भएको छ । (एक करोड एघार लाख)

**पर्यटन तर्फ**

७८.संघीय सरकारबाट प्राप्त हुने बजेट र गाउपालिकाको लागत साझेदारीमा साधुहोली क्षेत्रको पर्यटन पूर्वाधारको लागि ठेक्का. प्रकृया अगाडि बढी सकेको हुदा सो आयोजना तोकिएको समयमा सम्पन्न गरिने छ । साधुहोली पर्यटन पूर्वाधार विकासको लागि गाउँपालिकाबाट व्यहोर्ने लागत साझेदारीको आधारमा सो कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

७९.गाउपालिकाका ७ वटै वडाहरूमा स्थापित मठ, मन्दिर, गुम्बा, चर्च, मस्जिद, महाराजवान, ग्रामवानलगायत धार्मिक तथा सांस्कृतिक आस्थाका धरोहरहरूको संरक्षण, सम्वर्धन र सञ्चालनमाआवश्यक सहयोग गर्ने व्यवस्था मिलाएको छ। पर्यटन विकासका लागि गाउपालिकाबाट ७५,००,००० वजेट विनियोजन गरेको छ। सशर्त बाट प्राप्त हुने ( पचहत्तर लाख) १०२,००,००० गरि जम्मा १७७ (एक करोड दुई लाख),००,००० एक करोड सतहत्तर लाख बजेट कायम हुन जाने छ।)

**प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ**

८०. प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्न रोजगार सेवा केन्द्रको सुदृढिकरणको व्यवस्था मिलाएको छ। सशर्त बजेटको परिधि भित्र रहि नेपाल सरकारले तोकेको न्यूनतम १०० दिनसम्मको रोजगारी उपलब्ध गराउन श्रमिकहरूको परिचालनको व्यवस्था मिलाउने व्यवस्था मिलाएको छु। प्रधानमन्त्री रोजगार कार्यक्रम सन्चालनको लागि आवश्यक पर्ने औजार खरिद र ज्याला व्यवस्थापनको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

८१. वैदेशिक रोजगारबाट फर्किएका नागरिकहरुलाई रोजगार सेवा केन्द्रमा सुचिकृत गरी रोजगारमुलक कार्यक्रम मार्फत रोजगारी तथा सीपमुलक तालिम प्रदान गरिने नीति लिईनेछ।

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत औजारहरू खरिद र ज्याला व्यवस्थापन गर्नका लागि रु७ ..,००,०००बजेट (सात लाख) ( २४ .विनियोजन गरेको छु। सशर्त अनुदानबाट प्राप्त हुने बजेट रु,०७,००० गरि जम्मा बजेट ३१ (चौबिस लाख सात हजार),०७,००० कायम हुन जाने छ। (एकतीस लाख सात हजार)

**लघु उद्यम विकास कार्यक्रमतर्फः**

८२. सशर्त बजेटको परिधि भित्र लघु उद्यम विकास कार्यक्रम सन्चालन हुन बाँकी रहेका वडाहरूमाकार्यक्रम सन्चालनको व्यवस्था मिलाएको छु। आगामि आ व २०७९०८० मा नयाँ उद्यमी श्रृजना गर्ने व्यवस्था मिलाएको छु साथै उद्यमी स्तरोन्नतीको समेत / कार्यक्रम सन्चालनको व्यवस्था मिलाएको छु।

**सडक, पुल, कल्भर्ट तथा झोलुड्गे पुलतर्फ**

८३. राष्ट्रिय योजना आयोगसँगको समपुरक कार्यक्रमअन्तर्गत क्याम्पाबाट समयगढ़छाता चोक हुँदै सुनार सम्मको सडकलाई बहुवर्षीय - बन्न बाँकी सडकहरूको .आर.पि.खरिद प्रक्रियाका माध्यबाट निर्माण कार्य अगाडी बढानका लागि व्यवस्था मिलाएको छु। डि डिपिआर तयार गर्ने व्यवस्थ ामिलाएको छु।

८४. आगामि आ०८० मा देहायका सडकहरू कालोपत्रे गर्नका लागि ठेक्का बन्दोवस्त हुने गरि बजेट विनियोजन गरेको छु। /०७९ .व. बहुवर्षिक आयोजनाको रूपमा ठेक्का व्यवस्था गर्ने तयारी गरेको छु।

- क्याम्पा समयगढ़, छाता चौक सुनार सडक कालोपत्रे, वाड नं २ .
- साम्राको मिल हुँदै केम्पा जोड्ने सडक कालोपत्रे (निरन्तरता), वाड नं३ .
- सुनहरा बासवारी सडक कालोपत्रे (क्रमागत), वाड नं१ .
- दहि चौक जीवन चौक सडक कालोपत्रे (क्रमागत), वाड न २,४६
- ज्योती चौक सडक कालोपत्रे (क्रमागत), वाड नं४ .

- एकता चौक सडक कालोपत्रे (क्रमागत), वाड नं४ .
- चिसेनी मार्ग, (क्रमागत(, वाड नं५ .
- गेउरीयादेखि चारआली सडक कालोपत्रे (क्रमागत), वाड नं७ .
- केर्खा क्याम्पा सडक खण्डबाट नवनिर्मित ३ नम्बर वडा कार्यालयसम्म कालोपत्रे
- गुरुडटोलहुँदै भलायडाँडा सडक कालोपत्रे, वाड नं ३ .
- आदर्श मार्ग कालोपत्रे (सानो केर्खा), वाड नं(वडा सिलिङ्ग मार्फत्) ३ .
- गणेशबहादुर कटुवालको घरपूर्व डॉडाटोल जाने बाटो कालोपत्रे, वाड नंवड) ३ .ा सिलिङ्गमार्फत्
- गुवाबारी शङ्करडुब्वा सडक कालोपत्रे, वडा नं६ .

८५. सबै वडा कार्यालयको आफ्नै प्रशासनिक भवन निर्माण गर्ने नीति अनुसार अब निर्माण सम्पन्न हुन बाकी २ नंका वडा भवन . ०८० मा निर्माण संपन्न गर्ने गरि बजेटको व्यवस्था मिलाएक/२०७२ .व .आगामि आ (क्रमागत)ो छ । वडा भवन निर्माण गर्दा भूकम्प प्रतिरोधी र अपाङ्ग मैत्री बनाउनेव्यवस्था मिलाएको छ ।

८६. आगामी आ / ०८० मा देहायका सामुदायिक मठमन्दिर / २०७९ .व.भवन निर्माणका लागि आवश्यकबजेटको मिलाएको व्यवस्था मिलाएको छु।

- मक्षेश्वर शिवपाञ्चायन दुर्गा मन्दिर, कमल७-
- श्री विष्णु पाञ्चायन मन्दिर संरक्षण, कमल२-
- कमलेश्वर दुर्गा मन्दिर, कमल १ -
- राधाकृष्ण मन्दिर, कमल१-
- श्री श्री राधा गौरी गोविन्द मन्दिर, कमल५-
- श्री विष्णु पाञ्चायन मन्दिर, कमल२ -
- पशुपती सामुदायिक भवन, कमल ४ -
- सिंहदेवी शिवालय सामुदायिक भवन, कमल४-
- शिद्धेश्वर गुरुकुल मन्दिर कमल ७

८७. आगामि आ०७९ मा देहायका पुलहरू निर्माण सम्पन्न गर्नका लागि आव / २०७८ .व.श्यक बजेटको व्यवस्था मिलाएको छ

- ढ्याङ्ग्री खोला पुल निर्माण वडा नंगोस) ३ .खान(

८८. कमल १ गडुरमारी पश्चिम कृष्णे खोलामा झोलुङ्गे पुल, ज्यातिनगर टोल जिबलाल गौतमको घर पश्चिम वडा नं४ र २ . दोभान वाड नं १ का लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

८९. वडामा विनियोजित सिलिङ बजेटबाट देहाय अनुसार पूर्वाधारका कार्यक्रमहरू सम्पन्न गर्नका लागि बजेटको व्यवस्था मिलाएको छु उल्लेखित बजेटबाट सडक स्तरोन्नती १४ किलोमिटरर सडक ग्राभेल तर्फ २०७४५ मिटर र २३७१ (कालोपत्रे) मिटर ड्रेन निर्माण हुने लक्ष्य राखिएको ।

- सडक स्तरोन्नती १७ वटा सडक (कालोपत्रे)
- सडक ग्राभेल तथा मर्मत सम्भार ९६ वटा सकड
- कल्भर्ट निर्माण तर्फ १३ कल्भर्टस
- डक ड्रेन तर्फ ८ वटा ड्रेन र प्लम वाल निर्माण
- मठ, मन्दिर, शिवालय, देवालय, ग्रामथान, महाराज थान मर्मत तथा व्यवस्थापन तथासरक्षण १४ वटा
- २ वटा क्लब निर्माण सहयोग,
- २ वटा क्वलमा पुस्तकालय निर्माण

९० समष्टि पूर्वाधार विकासका लागि सशर्तसहित २६,२०,८७,५०० (छब्बीस करोड बीस लाख सतीहजार पाँचसय) -/ बजेट कायम भएको छ।

**वस्ती विकास तथा सहरी योजना**

९१ गाउंपालिकाको आफ्नै भूउपयोग योजना तयार भइसकेको हुँदा सो लाई प्रभावकारी कार्यान्यवनगर्नका लागि आवश्यक व्यवस्थापन गरिने छ।

९२ भूमीसम्बन्धी समस्या समाधान आयोगमार्फत् भूमिहिन दलित, भूमिहिन सुकुम्वासी, अव्यवस्थित बसोवासीलाई जग्गाको पूर्जा वितरणको कार्य सुरु भएको हुँदा सो कोलाई व्यवस्थित रूपमा अगाडी बढाउनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

९३ गाउपालिकाको घर नम्बरिङ गर्ने कार्य अन्तरगत चालू आमा १००० घरहरूलाई नम्बर दिइ सकिएको हुँदा बाकी .व. घरहरूलाई समेत सो नम्बर उपलब्ध गराउनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

९४ टोल विकास संस्थाहरूलाई क्रियाशिल गरि विकासका हरेक गतिविधिमा संलग्न गराईने छ। टोलविकास संस्थाहरू सन्चालनको लागि दिईदै आएको अनुदानलाई निरन्तरता दिइएको छु।

**संस्थागत विकास तथा सुशासन**

९५ कर्मचारीहरूको मनोवल उच्च राख्न ०७९ श्रावण १ गतेदेखि मासिक रु १५०० खाजा खर्च दिनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

९६ गाउपालिकामा २ वर्ष सेवा अवधि पूरा गरेका सेवा करार सेवामा कार्यरत कर्मचारीहरुको मनोवल उच्च राख्न साविकको खाइपाइ आएको गत वर्षको स्केल भन्दा अधिकतम नहुने गरी कम तलब स्केल पाइरहेका कर्मचारीहरूको हकमा ३० प्रतिशत वृद्धि गर्ने व्यवस्था मिलाइनेछ।

गाउँपालिका, मातहतका वडा कार्यालय, स्वस्थ्य शाखामा करार सेवामा कार्यरत कर्मचारहिरूलाई संघीय सरकारको सहकार्यमा कानुन निर्माण गरी योगदानमा आधारित निवृत्तिभरण कोष वा सञ्चय कोष कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छ।

९७ तोकिएको कार्य सम्पादन नगर्ने कर्मचारीलाई दण्डित गर्ने र राम्रो कार्य सम्पादन गर्ने कर्मचारीलाई पुरस्कार र सम्मान गर्ने व्यवस्था मिलाएको छु। प्रत्येक वर्ष १ जना उत्कृट कर्मचारी पुरस्कार ४ जनालाई कर्मचारी पुरस्कार गर्ने व्यवस्था मिलाएको

१०८ गाउँपालिकामा सूचना केन्द्रको स्थापना गरिने छ उक्त केन्द्रमा पालिकाभित्रका र स्थानीय तहसंगसम्बन्धीत सबै प्रकारका सूचनाहरू उपलब्ध हुन गरि सूचना बैंकको व्यवस्था मिलाईनेछ। वडास्तर र टोल विकास समितिहरूमा समेत विभिन्न सूचनाहरू वडा कार्यालयमार्फत् पुग्ने व्यवस्थामिलाइनेछ । सन्चार माध्यमको विकासका लागि आवश्यकताका आधारमा सहयोग गरिनेछ। नागरिकसँग

१०९ जनप्रतिनिधि नामक रेडियो कार्यक्रम सन्चालन गरिने छ।

११० गाउँपालिकाबाट प्रवाह हुने सेवालाई प्रभावकारी तथा व्यवस्थित बनाउनका लागि नगर प्रहरीकी व्यवस्था गर्नका लागि आवश्यक व्यवस्था गरिने छ।

## कमल गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को आय व्यय विवरण ।

**कूल आय तर्फ रु. ७४,८८,२४,८५२) (चौरहत्तर करोड अठासी लाख चौबिस हजार आठ बाउन्न मात्र)**
**कूल व्यय तर्फ रु. ७४,८८,२४,८५२) (चौरहत्तर करोड अठासी लाख चौबिस हजार आठ बाउन्न मात्र)**

व्ययमध्ये चालु तथा प्रशासनिक खर्च वडा कार्यालय प्रशासनिक खर्च र विषयगत शाखाहरूको खर्च र पुँजीगत खर्चहरू शिर्षकगत रूपमा देहाय अनुसार प्रस्ताव गरेको छ।

### १. चालु तथा प्रशासनिक खर्च तर्फ

गाउँपालिका १७,५४,३२,५०० (सत्र करोड चौवन्न लाख बत्तीस हजार पाँच सय) -/
शसर्त चालू :२२,९२,००,००० (बाइस करोड बयानब्बे लाख) -/
जम्मा ४० :,४६,३२,५००चालिस करोड छयालीस लाख बत्तीस) -/ हजार पाँच सय मात्र(

### २. पूँजीगत खर्च तर्फ

३४,४६,९२,३५२ (चौतिस करोड छयालिस लाख बयानब्बे हजार तीन सय बाउन्न)
जम्मा रु. ७४,८८,२४,८५२ (चौरहत्तर करोड अठासी लाख चौबिस हजार आठ सय बाउन्न मात्र)

**विषयगत क्षेत्र तर्फ**

(क) आर्थिक विकास तर्फ रु. ४,८९,६०,००००- (चार करोड उनानब्बे लाख साठी हजार)
(ख) सामाजिक विकास तर्फ रु. २९,०५,९७,५००- (उन्नतीस करोड़ पाँच लाख सन्तानब्बे हजार पाँचसय)
(ग) पूर्वाधार विकास तर्फ रु. २७,८३,२७,३५२/- (सत्ताइस करोड़ त्रियासी लाख सत्ताइस हजार तीनसय बाउन्न)
(घ) वातावरण तथा विपद व्यवस्थापन तर्फ रु. ५२,७०,०००/- (बाउन्न लाख सत्तरी हजार)
(ङ) संस्थागत, सुशासन सम्बन्धी रु. ११,५६,७०,००० (एघार करोड छपन्न लाख सत्तरी हजार
(च) पर्यटन सम्बन्धी रु. १,००,००,००० एक करोड)

***जम्मा* रु. ७४,८८,२४,८५२ (चौरहत्तर करोड अठासी लाख चौबिस हजार आठ सय बाउन्न मात्र)**

| | | | |
|---|---|---|---|
| | **व्यवस्थापन :** | विकास तथा सुशासनसम्बन्धी नीति निर्माण गरी आवश्कय कार्यक्रम र बजेटको व्यवस्थापन गरिएको छ। उपयुक्त समयमा नै नगरसभामार्फत् नीति तथा कार्यक्रमहरु ल्याइएको देखिन्छ।<br><br>कूल आयतर्फ रु. ७४,८८,२४,८५२) (चौरहत्तर करोड अठासी लाख चौबिस हजार आठ बाउन्न मात्र)<br><br>कूल व्ययतर्फ रु. ७४,८८,२४,८५२) (चौरहत्तर करोड अठासी लाख चौबिस हजार आठ बाउन्न मात्र)<br><br>व्यय मध्ये चालु तथा प्रशासनिक खर्च वडा कार्यालय प्रशासनिक खर्च र विषयगत शाखाहरूको खर्च र पुँजीगत खर्चहरू शिर्षकगत रूपमा देहाय अनुसार प्रस्ताव गरेको छ।<br><br>**१. चालु तथा प्रशासनिक खर्चतर्फ**<br><br>गाउँपालिका १७,५४,३२,५००/- (सत्र करोड चौवन्न लाख बत्तीस हजार पाँच सय)<br><br>सशर्त चालू : २२,९२,००,०००/- (बाइस करोड बयानब्बे लाख)<br><br>जम्मा : ४०,४६,३२,५००/- (चालिस करोड छयालीस लाख बत्तीसहजार पाँच सय)<br><br>**२. पूँजीगत खर्च तर्फ**<br><br>३४,४६,९२,३५२ (चौतिस करोड छयालिस लाख बयानब्बे हजार तीन सय बाउन्न)<br><br>जम्मा रु. ७४,८८,२४,८५२ (चौरहत्तर करोड अठासी लाख चौबिस हजार आठ बाउन्न मात्र)<br><br>**विषयगत क्षेत्रतर्फ**<br><br>(क) आर्थिक विकासतर्फ रु. ४,८९,६०,००००- ( चार करोड उनानब्बे लाख साठी हजार)<br><br>(ख) सामाजिक विकासतर्फ रु. २९,०५,९७,५००- (उन्नतीस करोड़ पाँच लाख सन्तानब्बे हजार पाँचसय) | छलफल गर्दै सभामार्फत् कार्यक्रम तथा बजेटलाई सर्वसम्मत रुपमा निर्णय गरी कार्यान्वयनमा आएको देखिन्छ।<br><br>. |

| | | | |
|---|---|---|---|
| | लिटर, कमल युरीया मल ५०० बोरा लगायत ७ किसिमका मल कार्यालयमा नै तयार गरिएको । प्राङ्गारीक मल बनाउने तालिम सञ्चालन भएको । | स्थानीय मिडियामार्फत् कृषि प्रसारका काम गरिएको । | |
| **स्थानीय तहको पशु सेवा सम्बन्धि** | | | |
| पशु विकास कार्यक्रम | ७ जना पशुपालक किसान पुरस्कृत गरिएको छ । चिलिङ भ्याट २ वटा वितरण गरिएको छ । ११३ जना व्यवसायीहरुलाई व्यवसाय प्रवर्द्धन कोषमा आवद्ध गरिएको । ७० जना अति विपन्न दलित समुदायका १४ जना व्यक्तिहरुलाई बंगुरका पाठाहरु वितरण गरिएको । ३ लाख माछाका भुरा वितरण गरिएको छ । ४३३८ पशुहरुमा कृत्रिम गर्भाधान गरिएको । | विभिन्न वडाका बंगुरपालक किसानहरुलाई बंगुरको खोर सुधार फलोअप कार्यक्रम (पकेट फलोअप कार्यक्रम) सञ्चालन गरिएको । ५ लाख मूल्य बराबरका १ लाख ६० हजार माछाका भुरा १५६ जना किसानलाई वितरण ।<br>तरल नाइट्रोजन खरीद, ढुवानी तथा भण्डारण गरी नश्ल सुधार कार्यक्रमअन्तर्गत धेरै पशुमा कृत्रिम गर्भाधान गरिएको ।<br>एक घर एक पशु सुत्केरी कार्यक्रमअन्तर्गत क्याल्सियम मिनरल वितरण । | पशु विकास कार्यक्रम मार्फत गाउँपालिकाका नागरिकको जीवनस्तरमा परिवर्तन आएको । |
| पशु स्वास्थ्य कार्यक्रम | रेविज ७६३, पंक्षि खोप ४७,६००, स्वाइन फिवर १९,०००, HSBQ २,२५० खोरेत १७,०००, पिपिआर ९,००० वितरण भएको । वडा नं. ६ मा पशु स्वास्थ्य तथा बाँझोपन निवारण सम्बन्धि शिविर सञ्चालन गरिएको । ८५०० जना किसानहरु प्रत्यक्ष रुपमा लाभान्वित भएका छन् । ५६०० वटा पशुहरुमा प्राथमिक उपचार, माइनर सर्जिकल, प्रयोगशाला सेवा गाइनोकोलोजिकल सेवा प्रदान गरिएको । | परजीवीविरुद्ध औषधी खरीद तथा वितरण, माइनर सर्जिकल औषधी खरीद तथा वितरण, गाइनोक्लोजिस्ट औषधी खरीद तथा वितरण, पंक्षी औषधी खरीद तथा वितरण, मत्स्य औषधी खरीद तथा वितरण, प्राथमिक उपचार औषधी खरीद तथा वितरण ।<br>खोप सेवा: एफएमडी ४०००, स्वाइन फिबर २१,०००, बीएसबीटु ३०००, पीपीआर १०,००००, रानीखेत ३५००० थान, गबारो ३४०००, रेविज ७१० डोज खोप लगाइएको ।<br>गाईभैंसी ३२४३ वटा, बंगुर १४१६ वटा, कुखुरा ३८३७, माछा ७५ बिघा, बाखा ६२३० कठ्ठा, कुकुर ५४, सुत्केरी स्याहार २६६८, सामुदायिक कुकुर बन्ध्याकरण ५४० वटालाई गरी स्वस्थ पशु बनाउन कार्यक्रमहरु सञ्चालन गरिएको । | पशुलाई देखिने जटिल तथा समान्य रोगहरुको समाधानका लागि खोप तथा औषधि सम्बन्धि विशेष पहल भएको । |
| पशु आहारा सेवा | विभिन्न समूहमा आबद्ध ४५० जना किसानहरु तालीम लिई स्वस्थ पशु उत्पादनको शुरुवात भएको | कमल गाउँपालिकाका पशुपालक अगुवा किसानहरुलाई पशुपालनका लागि जात मात्र राम्रो भएर हुँदैन घाँस राम्रो चाहिन्छ अनि मात्र भने जति उत्पादन पाइन्छ, भन्ने उद्देश्य राखि उन्नत | कृषकमा उन्नत जातको घाँसको बिऊ बारे सोचको विकास भएको । |

- गाउपालिकामा रहेका सबै सामुदायिक विद्यालयमा अंग्रेजी माध्यमबाट पठनपाठनमा एकरूपता कामय गर्नका निम्ति एउटै पाठ्यपुस्तकको व्यवस्थासहित विद्यालय तहमा अंग्रेजी माध्यमका पुस्तकहरूको वितरण गर्ने कार्यलाई निरन्तरता दिइएको,
- प्रारम्भिक बाल विकास केन्द्र र विद्यालयका कर्मचारीहरूलाई संघीय सरकारले उपलब्ध गराउने पारिश्रमिक रकममा रु. १५ हजारमा नपुग हुन आउने रकम गाउँपालिकाबाट नै निरन्तरता दिने कार्यक्रमलाई निरन्तरता दिइएको,
- सामुदायिक विद्यालयमा अङ्गेजी विषयको पठनपाठनलाई थप प्रभावकारी र व्यवस्थित बनाउनका लागि सम्बन्धित विषयका शिक्षकहरूको क्षमता अभिवृद्धि गर्नका लागि आवश्यक बजेट विनियोजन गरिएको,
- प्राविधिक धारको अध्ययन अध्यापनलाई प्रोत्साहन गर्नका लागि कमल गाउँपालिका क्षेत्रभित्र प्राविधिक धार अध्ययन गर्ने विद्यार्थीहरूका छात्रवृत्तिको लागि बजेट विनियोजन गरिएको ।
- आधारभूत तहमा अध्ययनरत विद्यार्थीहरूमा बक्तृत्वकला विकास गर्नका लागि उनीहरूमा प्रतियोगिताको भावना जागृत गराउनका लागि आवश्यक बजेट विनियोजन गरिएको,
- गाउपालिका क्षेत्रभित्रका मुसहर, सतार, सन्थाल र मिस्त्री लगायतका पिछडीएका वर्ग र समुदायका छोरा छोरीलाई गाउँपालिकाभित्र प्राविधिक धार सन्चालनमा रहेका सामुदायिक विद्यालयमा असिस्टेन्ट सब इन्जिनियर, पशु प्राविधिक र कृषि प्राविधिक (१८ महिने । निःशुल्क रूपमा पठनपाठन गर्ने नीति लिइएको,
- शैक्षिक सुधारअन्तर्गत पालिकाभित्रका सबै विद्यालयमा स्थानीय पाठ्यक्रम बनाई पढाईमा एकरूपता ल्याउनका लागि एक कार्यदल गठन गरि स्थानीय पाठ्यक्रम निर्माणको कार्य अघि बढाइएको,
- राष्ट्रपती रनिङ शील्ड प्रतियोगितालाई उत्सवको रूपमा सन्चालन गर्ने नीति लिई बजेटको व्यवस्थापन गरिएको,
- युवाहरूलाई खेलकुदमा आकर्षित गरि सर्वाङ्गीण विकासको लागि अध्यक्ष कप फुटबल प्रतियोगिता सन्चालनको नीति लिई बजेटको व्यवस्थापन गरिएको,
- कार्यविधिको तयारी गरी खेलकूद विकास समिति गठन गरेर गाउँपालिकाभित्र हुने सम्पूर्ण गतिविधिलाई व्यवस्थित, पारदर्शी र सहभागितात्मक रूपमा सञ्चालन गरिने छ । सो क्रममा यस गाउँपालिकाभित्र खेलिदै आएको सबै खेलहरूलाई प्रतियोगितात्मक रूपमा सन्चालन गरिनेछ ।
- उपाध्यक्ष कप अन्तर वडा भलिवल रनिङ प्रतियोगिता सन्चालनको व्यवस्था मिलाई आवश्यक बजेटको व्यवस्थापन गरिएको,
- युवा क्लवहरूको क्षमता विकास र सामाजिक रूपान्तरणका लागि विभिन्न कार्यक्रमहरू सन्चालनका लागि आवश्यक कार्यक्रम राखिएको, युवाहरूलाई सामाजिक, राजनैतिक र आर्थिक क्षेत्रमा रूपान्तरण र उद्यम विकासमा प्रेरित गर्न देशमा उत्कृष्ट कहलिएका व्यक्तित्वहरूसँग यस क्षेत्रका युवाहरूमाझ अनुभव आदान प्रदानका लागि युवा सम्मेलन गर्ने व्यवस्था मिलाउने नीति लिइएको,
- युवाहरूलाई कुलतबाट हटाउन युवा क्लवहरूको परिचालन गरि लागू पदार्थ तथा दुर्व्यसनी न्यूनीकरणजस्ता चेतनामूलक कार्यक्रम सन्चालन गर्ने व्यवस्था मिलाएको छ ।

## १. विषयगत शाखा/कार्यालयको नाम : (ग) कृषि शाखा

**जम्मा कर्मचारी संख्या: ५,**
**कृषक परिवार संख्या करीब १२ हजार,**
**जम्मा जग्गा ७ हजार हेक्टर,**
**कुल खेतीयोग्य जमिन ५ हजार हेक्टर,**

**बजेट व्यवस्थापन** कृषि तर्फ जम्मा ९०,००,०००। (नब्बे लाख) । सशर्ततर्फ प्राप्त रु.१,२८,०००००। ( एक करोड अठ्ठाइस लाख) गरि जम्मा २,१८,००,०००। (दुई करोड अठार लाख) रुपैयाँ ।

## २. पालिकास्तरिय नीतिहरु :

- स्वस्थ्य जीवनको लागि कमलको अर्गानिक तरकारी नारालाई साकार पार्न अर्गानिक तरकारी खेती प्रणालीलाई जोड दिइएको ।
- कृषि शाखाबाट बैकल्पिक मल खादका श्रोतहरू वेष्ट डि कम्पोजर, जैविक झोल विषादी, कंचन मल, जैविक युरिया आदि किसानहरूलाई निशुल्क वितरण गर्ने कार्यलाइ निरन्तरता दिइएको,
- कृषीबजार उपकरण बितरण कार्यक्रम अन्तगृत साना मेसिनरी मकै रोप्ने, मकै छोडाउने, पावर स्पे टकी, पावर विडर वितरण गर्ने नीति लिइएको,
- बालि संरक्षण कार्यक्रमअन्तर्गत विषदी प्रयोगमुक्त सप्ताह र फेरोमेन ट्र्याप वितरण कार्यका लागि आवश्यक वजेट विनियोजन गरिएको,
- कृषकहरूलाई प्रोत्साहन सिंचाइको विद्युत मिटरमा अनुदान भन्ने उद्देश्यले सुख्खा याम (फागुन, चैत्र, वैशाख र जेठ) का ४ महिनाको अवधिमा कृषकहरूले प्रयोग गरिहेको सिचाई मोटरको विद्युत शुल्कमा ५० प्रतिशत शुल्क गाउँपालिका वा वडाले भूक्तानी गर्ने व्यवस्थालाई निरन्तरता
- सिंचाइ मोटरमा सहयोग कार्यक्रमअन्तरगत हालसम्म सिंचाईको पहुँच नभएका, व्यवसायिक रूपमा खेती गर्न चाहने वा गरिरहेका गरिव किसानलाई सिंचाई मोटर सेटमा अनुदान उपलब्ध गराउने व्यवस्थाको लागि रु. १५,००,००० बजेट विनियोजन गरिएको,
- किसान कार्ड वितरण गरी अनुदानका कार्यक्रममा सहभागी गराउने नीति लिइएको छ ।
- किसानहरूको समस्या समाधान गर्नका लागि कृषी विज्ञबाट किसान कल सेन्टर सञ्चालनमा ल्याइने
- कृषकहरूले उत्पादन गरेको फसललाई व्यवस्थित भण्डारण गर्न सहयोग पुर्याउने उद्देश्यले उपयुक्त स्थानमा कोल्ड स्टोर स्थापना गर्ने व्यवस्था मिलाइएको
- स्थलगत रूपमा बालीको संरक्षण, अवलोकन, र कृषिसम्बन्धी नयाँ ज्ञान प्रविधि हस्तान्तरण साथै बालीमा आउने विविध समस्याको निराकरण र उत्पादन वृद्धिमा आउने समस्यहरूलाई स्थलगत रूपमा निराकरण गर्न विज्ञको उपस्थितिमा कृषक पाठशाला सन्चालनलाई निरन्तरता दिइने
- गाउपालिका क्षेत्रभिका व्यवसायिक कृषकहरूलाई नवीनतम ज्ञान आदानप्रदान गर्ने उद्देश्यले कृषकहरूको अध्ययन अवलोकन भ्रमण गराउने नीति लिइएको

- कृषकहरुमा परम्परागत खेतीप्रणाली नै विश्वास हुनु र कृषि व्यवसायलाई कृषि उद्यमको रुपमा पहिचान गर्न नसक्नु ।
- कृषिको रोजगारीलाई सम्मानित रोजगारीको रुपमा ग्रहण गर्न नसक्नु, राम्रो कमाइ हुँदाहुँदै पनि सानो कमाइ हुने रोजगारीप्रतिको आकर्षण देखिनु ।

### ७. भावी कार्यक्रम सञ्चालनको लागि चाल्नुपर्ने कदमहरु र सुझावहरु :

- ४५० कृषकहरुलाई घरदैलोमै गई जैविक विषादी, जैविक मल र माटो सुधारका तालीमहरु प्रदान गरिएको हुँदा त्यसको दिगोपनासम्बन्धी कार्यक्रमहरु ल्याउन आवश्यक देखिन्छ ।
- धान बाली प्रवर्द्धन र पकेट कार्यक्रमको दिगोपनालाई निरन्तरता आवश्यक महसुस गरिएको छ ।
- कृषक समूहलाई साझेदारीमा तरकारी खेती, कृषि बीमासम्बन्धी अभिमुखीकरण, माटो सुधारका लागि कृषि चुन खरीद, कोल्ड स्टोर निर्माणजस्ता विषयहरुको कार्यक्रम सञ्चालन हुन नसकेको हुँदा त्यसतर्फका कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक देखिन्छ ।
- कागती प्रशोधन केन्द्र उपकरण तथा मर्मत पूर्वाधारको कार्य गर्न नसक्दा त्यस क्षेत्रको कार्यक्रम प्रभावित भएको देखिन्छ । सशर्तका कार्यक्रमहरुप्रति समयमै ध्यान दिन आवश्यक देखिन्छ ।
- कृषक अध्ययन अवलोकन भ्रमणबाट नयाँ सोचसहितको व्यावसायिक योजना निर्माण हुने हुँदा त्यसतर्फका कार्यक्रम सञ्चालनमा समस्या देखिन्छ । समयमै किसान पहिचान गरी भ्रमणका कार्यक्रमहरु राख्न आवश्यक देखिन्छ ।
- कुल विनियोजित बजेटको सशर्ततर्फ १७ दशमलव ५६ प्रतिशत, आन्तरिक स्रोततर्फ ४० दशमलव ९९ प्रतिशत खर्च भएको देखिन्छ । जसलाई हेर्दा मागमा आधारित योजना निर्माण गर्नुपर्ने देखिन्छ ।
  ।

**१.विषयगत शाखा/कार्यालयको नाम : (घ) पशुपंक्षी शाखा**
**कुल बजेट: १,१५,५७,४००**
**कुल खर्च: ५६,५५,३२९**
**कुल खर्च प्रतिशत ४८.९३**

**(क) नीतिहरु**
पशु धनको संरक्षण गर्न र किसानले ढुक्कसँग पशु व्यवसाय सञ्चालन गर्न सकुन भन्ने उद्देश्यले १ घर १ पुश सुत्केरी कार्यक्रम सन्चालनको व्यवस्था गरिएको,

पशु सेवा प्रसार कार्यक्रमअन्तर्गत ३/३ दिनका दरले गाइपालन, बाखापालन, बंगुरपालन, कुखुरा पालन र माछा पालनका लागि तालिमको आयोजना गर्नका लागि आवश्यक बजेट विनियोजन गरिएको

५० प्रतिशत अनुदानमा ४५०० कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन गर्नका लागि ११,२५,००० बजेट विनियोजन गरिएको छ । यस कार्यक्रमबाट उन्नत जातको पशुहरूको उत्पादन हुनेमा विश्वास लिइएको

# जिन्सी मौज्दातको संक्षिप्त वार्षिक विवरण
## आर्थिक वर्ष २०७९/०८०

| क्र.सं. | जिन्सी सामानको नाम | इकाई | परिमाण |
|---|---|---|---|
| १ | घर/टहरा | संख्या | ७ |
| २ | कार्यालय भवन | संख्या | २ |
| ३ | बजार भवनहरु | संख्या | २ |
| ४ | ट्याक्टर | संख्या | १ |
| ५ | मोटरसाईकल | संख्या | ७ |
| ६ | स्कुटर | संख्या | १ |
| ७ | जिप | संख्या | २ |
| ८ | पिकअप | संख्या | १ |
| ९ | टेलिभिजन | संख्या | ३ |
| १० | डिजिटल क्यामेरा | संख्या | २ |
| ११ | हाजिर मेसिन | पिस | ३१ |
| १२ | भऱ्याङ | संख्या | १ |
| १३ | डेस्कटप कम्प्युटर | पिस | ४१ |
| १४ | ल्यापटप | पिस | १४ |
| १५ | प्रिन्टर | पिस | ६१ |
| १६ | स्क्यानर | पिस | २ |
| १७ | प्रोजेक्टर | पिस | १ |
| १८ | प्रोजेक्टर स्क्रीन | लिटर | १ |
| १९ | सि.पि.यु. | संख्या | १ |
| २० | हिटर | पिस | ७ |
| २१ | सिलिङ पंखा | पिस | ५४ |
| २२ | जेनेरेटर | पिस | १ |
| २३ | पानी तान्ने पम्प | पिस | १ |
| २४ | फ्रिज | पिस | ६ |
| २५ | भ्याकुम क्लिनर | पिस | २ |
| २६ | ब्याट्री | पिस | २० |
| २७ | सोलार प्यानल | पिस | २ |
| २८ | वाल पंखा | संख्या | ३६ |
| २९ | स्टेबलाइजर | पिस | २ |
| ३० | इन्भरटर | संख्या | १० |
| ३१ | स्टेण्ड पंखा | संख्या | १७ |

| | | | |
|---|---|---|---|
| ३२ | डिस्प्रेसर इलेक्ट्री | संख्या | १ |
| ३३ | मोबाइल | पिस | २ |
| ३४ | माइक्रोफोन | संख्या | ४ |
| ३५ | टेबुल | पिस | ८९ |
| ३६ | कुर्चि | पिस | ३७ |
| ३७ | सोफासेट | पिस | १४ |
| ३८ | स्टिल दराज | पिस | ५९ |
| ३९ | रिभल्वभिङ चेयर | पिस | ८२ |
| ४० | टि टेवल | संख्या | २९ |
| ४१ | कम्प्युटर टेवल | संख्या | १० |
| ४२ | बेन्च | पिस | १४ |
| ४३ | खाट पलङ लोबेड | पिस | ३ |
| ४४ | ऱ्याक | पिस | ३९ |
| ४५ | काठको दराज | संख्या | ६ |
| ४६ | फर्निचर | संख्या | ४ |
| ४७ | रोष्टम | संख्या | ३ |
| ४८ | डाइनिङ टेबुल | संख्या | १ |
| ४९ | फइलिङ क्याविनेट | पिस | २७ |
| ५० | भिजिटर चेयर | पिस | ३६ |
| ५१ | कम्प्युटर माउस | पिस | २ |
| ५२ | पेन ड्राइभ | पिस | १ |
| ५३ | राउटर | संख्या | १ |
| ५४ | केवल टाई | पिस | ३ |
| ५५ | पन्चिङ मेसिन | पिस | १ |
| ५६ | फोटोकपी पेपर | रिम | २२ |
| ५७ | पाइलट पेन | पिस | १७ |
| ५८ | रजिष्टर | पिस | २७ |
| ५९ | स्टापलर | पिस | १ |
| ६० | स्टीच पिन | पिस | ३ |
| ६१ | लेटर प्याड | पिस | १११ |
| ६२ | इन्डेक्स फाइल | पिस | ३८ |
| ६३ | स्पाईरल नोटबुक | पिस | २१ |
| ६४ | डटपेन | पिस | ६४ |
| ६५ | टिपेक्स | पिस | १० |
| ६६ | खाम | पिस | ८५ |
| ६७ | टेप | पिस | १६ |
| ६८ | माइ क्लियर ब्याग | पिस | २० |
| ६९ | फाइल तुना | पिस | ४२९ |

